# नलगाड नगरपालिकाको विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यसञ्चालन कार्यविधि २०८२

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२८

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

धक्क बहादुर परियार

प्रमुख प्रशासकीय अधिकृत

# नलगाड नगरपालिका विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यसञ्चालन कार्यविधि, २०८२

## पृष्ठभूमि

भौगोलिक स्वरूप, अवस्थिति, जलवायु तथा मानवीय क्रियाकलापका कारण नलगाड नगरपालिका विपद् जोखिमको दृष्टिकोंणले बहुप्रकोपको जोखिममा रहेको छ । विशेष गरी पहिरो, बाढी, आगलागी, हावाहुरी,महामारी , चट्याङ , खडेरी , असिना , वालीमा लाग्ने रोग, जंगली जनावर, र हिमपात आदिबाट मानवीय क्षति हुने गरेको छ भने ४ वर्ष अगाडी कोरोना पनि महामारीको रुपमा फैलिएको थियो । यस बाहेक पछिल्लो समयमा जलवायु परिवर्तन र यसका असरहरुले समुदायको आयश्रोतको प्रमुख माध्यम कृषिमा नकारात्मक असर पर्न थालेको पूर्व संकेतहरु देखा पर्न थालेका छ ।

नेपालको संविधान २०७२ को धारा ४३ अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको छ । यस प्रावधानको कार्यान्वयनका लागि नेपाल सरकारले सामाजिक सुरक्षा ऐन २०७५, नियमावली २०७६ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ लागू गरेको छ।

हालसम्म देशभर ८० भन्दा बढी सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालनमा छन्, जसमध्य सामाजिक सुरक्षा भत्ता कार्यक्रम एक प्रमुख, व्यवस्थित र हरेक वडास्तर सम्म पुगेको कार्यक्रम हो। सामाजिक सुरक्षा भत्ता कार्यक्रममा मात्र हाल देशभर ३८ लाख भन्दा बढी लाभग्राही सुचिकृत छन् । नलगाड नगरपालिकामा हाल (आ.ब २०८१/८२) सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लाभग्राहीको संख्या ६ हजार ४ सय ३ छ जसमध्ये जेष्ठ नागरिक १७३९ विधवा तथा एकल महिला ४३८ , अपाङ्गता भएका व्यक्तिहरू २९१ र बालबालिका ३९३५ छन् ।

सामाजिक सुरक्षा भत्ताप्राप्त गर्ने लाभग्राही वर्ग नै विपद्का समयमा अझ बढी प्रभावित हुने र जोखिममा पर्ने गरेका छन् । यसका अतिरिक्त विपद्को समयमा सामाजिक सुरक्षा भत्ता वितरण, तथ्याङ्क व्यवस्थापन, दर्ता तथा नवीकरण प्रक्रिया अवरुद्ध हुने सम्भावना रहन्छ। यस्तो अवस्थामा सामाजिक सुरक्षा प्रणालीलाई विपद् पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वकार्य, प्रतिकार्य र पुनर्स्थापनाको सबै चरणमा समावेश गरिनु आवश्यक हुन्छ । यस सन्दर्भमा सामाजिक सुरक्षा कार्यक्रम तथा प्रणालीको समुचित परिचालन गर्दै विपद् प्रतिकार्य,राहत वितरण, शीघ्र पुर्नलाभ र विपद् प्रभावितको जिबिकोपार्जनको पुर्नस्थापनाकालागि प्रदान गरिने सबै प्रकारका राहत तथा सहायतामा आर्थिक रुपले विपन्न तथा संकटासन्न ब्यक्ति र परिवारको पहुँच सुनिश्चत गर्दे एकिकृत प्रणाली मार्फत व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यगर्न, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ३९ को उपदफा १ को अधिनमा रही नेपाल सरकारले हाल विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ समेत जारी गरी लागू गरि विपद्का अवस्थामा सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित र प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था गरेको छ। यी सबै नीतिगत व्यवस्था र विपद् जोखिम

प्रमुख प्रशासकीय अधिकृत

न्यूनीकरण र व्यवस्थापनमा नयाँ र फरक किसिममा अवधारणा र आयाम हरुलाई आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन यस कार्यसंचालन विधिले नलगाड नगरपालिकामा विपद्का अवस्थामा रहेका विपन्न, गर्भवती, सुत्केरी, अशक्त, जेष्ठ नागरिक र अन्य जोखिममा रहेका लाभग्राहीहरूलाई लक्षित गर्दै पूर्वानुमानमा आधारित पूर्वकार्य, शीघ्र तथा प्रभावकारी प्रतिकार्य र पुनर्स्थापनामा सामाजिक सुरक्षाका संयन्त्र, तथ्यांक र अन्य अवयवहरुको प्रयोग सुनिश्चित गर्नेछ।

**परिचय:-**

यो दस्तावेजले विपद् प्रभावित जनसंख्यालाई सहयोग पुऱ्याउन सामाजिक सुरक्षा कार्यक्रमहरूलाई संवेदनशील र उत्तरदायी तरिकाले प्रयोग गर्न दिशानिर्देश गर्दछ। यसले विभिन्न प्रकारका विपद्जन्य घटनाहरू घटेको अवस्थामा सामाजिक सुरक्षा प्रणालीलाई समयमै एकीकृत, व्यवस्थित र प्रभावकारी ढंगले सक्रिय र कार्यान्वयन गर्ने प्रक्रिया तथा संरचनागत व्यवस्थालाई स्पष्ट गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विभिन्न चरणहरुमा गरिने सम्पूर्ण कार्यप्रवाहलाई व्यवस्थित र उत्तरदायी बनाउँछ। यस कार्यसंचालन विधिमा यसको कार्यक्षेत्र, कानुनी तथा नीतिगत आधार, विषयगत शाखाहरुको जिम्मेवारी र विषयगत क्षेत्रहरूको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, विपद् प्रभावितहरुको लक्षित वर्गहरुको, सचेतना अभिवृद्धि, क्षमता विकास, पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वकार्य , प्रतिकार्य अनुगमन, पुनर्लाभ, पुनर्स्थापना लगायतका विषय समेटिएका छन् ।

विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ ले निर्देश गरे बमोजिमका विपद् संवेदनशील सामाजिक सुरक्षा र राहत मापदण्डलाई यस नगरपालिकामा समेत लागू गरिने छ र विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरू लगायत गर्भवती, सुत्केरी, दिर्घरोग भएका व्यक्ति, आर्थिक रुपले बिपन्न वर्गका व्यक्तिहरू बढी जोखिममा पर्ने हुँदा उक्त व्यक्तिहरूलाई पर्न सक्ने सम्भावित जोखिम कम गर्न पूर्वानुमानमा आधरित पूर्वकार्य गर्ने तथा कुनै विपद् आइपरेको खण्डमा छिटो, कम खर्चिलो र प्रभावकारी विपद् प्रतिकार्य गर्न विद्यमान सामजिक सुरक्षा प्रणाली र तथ्याङ्कको प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

**कानुनी तथा नीतिगत आधार:-**

नेपालको संविधान बमोजिम नागरिकलाई सामाजिक सुरक्षाको हक प्रत्याभूत गराउनका लागि सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ जारी गर्नुको साथै नेपाल सरकारले सन् २०३० सम्ममा ६० प्रतिशत जनसंख्यालाई आधारभूत सामाजिक सुरक्षा प्रदान गर्ने लक्ष्य लिएको छ । १६औं राष्ट्रिय योजनामा गरिबी न्यूनीकरणको प्रमुख साधनका रूपमा सामाजिक सुरक्षालाई सरकारले मान्यता दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सामाजिक सुरक्षालाई थप जोड दिइएको छ, जसमा स्थानीय गरिबी र जोखिमलाई संघ वा प्रदेशस्तरको नीति वा कार्यक्रमले सम्बोधन नगरेमा स्थानीय सरकारले आफ्नै सामाजिक सुरक्षा नीति तथा कार्यक्रम तर्जुमा गर्न सक्ने उल्लेख छ ।नेपाल सरकारले सन् २०३० सम्ममा ६० प्रतिशत जनसंख्यालाई

धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आधारभूत सामाजिक सुरक्षा प्रदान गर्ने लक्ष्य लिएको छ । १६औं राष्ट्रिय योजनामा गरिबी न्यूनीकरणको प्रमुख साधनका रूपमा सामाजिक सुरक्षालाई सरकारले मान्यता दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सामाजिक सुरक्षालाई थप जोड दिइएको छ। विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमसंग सम्बन्धित प्रमुख नीतिगत व्यवस्थाहरु यस प्रकार रहेका छन् ।

- नेपालको संविधान, धारा ४३
- सामाजिक सुरक्षा ऐन २०७५ तथा नियमावली २०७६
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७
- विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापडण्ड २०८१
- कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना २०२०-२०३०

उद्देश्यहरू:

यो कार्यसंचालन विधिको उद्देश्य कर्णाली प्रदेश , नलगाड नगरपालिको संघीय कानुनी संरचना, प्रदेशीय आवश्यकता र स्थानीय सन्दर्भलाई समेट्दै, आपतकालीन अवस्थाहरूमा सामाजिक सुरक्षा कार्यक्रमलाई अधिक समावेशी, लचिलो र प्रभावकारी बनाउने उद्देश्यले तयार पारिन लागेको हो। जसले गर्दा प्रदेशमा विपद्का वेला सामाजिक सुरक्षाका कार्यक्रमहरू प्रभावकारी, समावेशी, उत्तरदायी र संवेदनशील तरिकाले सञ्चालन गर्ने दिशानिर्देशहरू प्रदान गर्नु हो। यसले विपद् प्रभावित व्यक्ति वा समुदायहरुलाई द्रुत, पहुँचयोग्य र न्यायोचित मानवीय सहयोग सुनिश्चित गर्ने लक्ष्य राख्दछ। विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमका प्रमुख उद्देश्यहरू निम्न अनुसार बुँदागत गरिएको छ ।

- विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको संयन्त्र, तथ्यांक र यसका अन्य अवयवहरुलाई पूर्वानुमानमा आधारित पूर्वकार्य वा विपद् प्रतिकार्यको लागि प्रयोग गरि कम समय र लागतमा प्रभावकारी कार्य गर्ने
- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र पहुँचयुक्त बनाउने।
- विपद्को समयम विद्यमान सामाजिक सुरक्षा प्रणालीमा दर्ता, नवीकरण, भुक्तानी, तथ्याङ्क व्यवस्थापन तथा गुनासो व्यवस्थापनका गतिविधिलाई बिना अवरोध निरन्तरता दिइ विपद् संवेदनशील सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने ।
- सामाजिक सुरक्षा लाभग्राहीहरुलाई विपद्को प्रकृति अनुसार नगद थप गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रमले नसमेटेको मानिसहरुलाई पनि विपद् जोखिमताको प्रकृति अनुसार अस्थाई रुपमा समेट्ने ।

धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

कार्यक्षेत्र (Scope)

यो कार्यसंचालन विधि नलगाड नगरपालिको विपद् जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्दा बिभिन्न विषयगत क्षेत्रका गतिविधि संचालन गर्दा लागू हुनेछ ।

यसको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका निकायहरूको सहकार्य तथा समन्वयात्मक भूमिका रहने छः

- प्रदेश तथा स्थानीय सरकारका सामाजिक विकास मन्त्रालय तथा सम्वन्धित शाखाहरू
- सामाजिक सुरक्षा भत्ता कार्यक्रम कार्यान्वयन गर्ने निकायहरू
- विपद् व्यवस्थापन समितिहरू (प्रदेश, जिल्ला, स्थानीय स्तरमा)
- सामाजिक विकास, सामाजिक सुरक्षा सम्वन्धी विषयगत कार्यालयहरू
- विषयगत क्षेत्रका Lead, Co-lead तथा सदस्य संस्थाहरू
- नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था तथा मानव अधिकारसम्बन्धी निकायहरू
- संयुक्त राष्ट्रसंघीय नियोगहरू (UN Agencies)
- विकास साझेदार संस्थाहरू
- नागरिक समाज तथा समुदायका प्रतिनिधिहरू

लक्षित समूहहरूः

यो कार्यसंचालन विधिले नलगाड नगरपालिको विपद् जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद्को जोखिममा रहेका वा विपद् प्रभावित समूह तथा वर्गका व्यक्ति तथा परिवार रहने छन् ।

संस्थागत संरचनाहरुः

| क्र.सं. | निकाय/विभाग | मुख्य जिम्मेवारीहरू |
|---|---|---|
| १ | स्थानिय विपद् व्यवस्थापन समिति | • विपद् संवेदनशील सामाजिक सुरक्षाका पाटाहरु समेटेर स्थानिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गर्ने ।<br>• प्राकृतिक प्रकोपको पूर्वसूचना संप्रेषण गर्दा जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका ब्यक्तिहरु आदिलाई मध्यनजर गरेर स्थानीय भाषामा संप्रेषण गर्ने ।<br>• पूर्वानुमानमा आधारित विपद् पूर्वकार्य, विपद् पूर्व कृत्रिम घटना अभ्यास, सुरक्षित स्थान पहिचान र व्यवस्थापन, विपद् पूर्व सूचना सम्प्रेषण ,विपद् पश्चात सूचना सम्प्रेषण , खोज तथा उद्धार, आश्रय स्थल |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | व्यवस्थापन, खाद्य,पोषण तथा कृषि , स्वास्थ्य सेवा संरक्षण, संरचना निर्माण जस्ता गतिविधिहरूमा व्यक्तिको जोखिमता अनुसार बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको विशेष आवश्यकता हुने हुनाले तत् तत् प्रकारका व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने साथै विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने ।<br>• विपद्को जोखिम कम गर्न सामाजिक सुरक्षा भत्ता वितरण तथा नविकरणकोलागि घुम्ती शिवीरहरु संचालन गर्ने साथै अग्रिम नविकरण तथा भुक्तानीकोलागि संघिय सरकारसंग समन्वय गर्ने । |
| २ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | • विपद् वा संकटको पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यममार्फत तत्काल सूचना सम्प्रेषण गरी समुदाय र सरोकारवालालाई सचेत बनाउने र संकटासन्न व्यक्ति तथा समूदायहरुलाकोलागि वैकल्पिक सूचनाको प्रवाह सुनिश्चित गर्ने।<br>• विपद्को समयमा उद्धार कार्य र हरएका व्यक्तिको खोजी, साथै घाइते वा समस्यामा परेका व्यक्तिलाई प्राथमिक उद्धार/चिकित्सा सहायता उपलब्ध गराउदा बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने साथै विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने ।<br>• पीडितहरूलाई राहत वितरण, स्वास्थ्य, खाद्यान्न, ओछ्यानजस्ता आधारभूत सहायता प्रदान गर्दा संकटासन्न व्यक्ति तथा समूदायहरुलाई प्राथमिकिकरणमा राख्ने ।<br>• सरकार, दातृ निकाय, सहयोगी संघ– संस्था र नागरिक समाजबीच समन्वय कायम गरी बहुक्षेत्रीय द्रुत लेखाजोखा विश्लेषण, कार्यदललाई आवश्यक स्रोत र सहयोग उपलब्ध गराउने क्रममा बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने साथै विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

| | | |
|---|---|---|
| ३ | खाद्य तथा कृषि क्षेत्र | • विपद्को प्रारम्भिक अवस्था वा विस्थापनपछि तत्काल खानेकुरा (चामल, दाल, नुन, तेल आदि) वितरण गर्ने, शिविरस्थलमा बसेका मानिसहरूको खाना पकाउन आवश्यक व्यवस्थापन गर्ने क्रममा जेष्ठनागरिक, बालवालिका , सुत्केरी, गर्भवती आदिको आवस्यकता र पोषणको सुनिश्तिता गर्ने।   ।<br><br>• दीर्घकालीन रुपमा जीविकोपार्जन क्षमता सुदृढ बनाउने रणनीति निर्माण र कार्यान्वयन, जस्तै विविध फसल प्रणाली, विपद्-प्रतिरोधी कृषिपद्धति, उत्पादन भण्डारण सुधार आदि गर्ने गराउने क्रममा बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने साथै विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने । |
| ४ | स्वास्थ्य तथा पोषण क्षेत्र | • विपद् वा स्वास्थ्य आपतकालिन अवस्थामा तत्काल उपचार र आवश्यक अवस्थामा अस्पतालमा पुऱ्याउने व्यवस्था गर्ने क्रममा बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने साथै विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने ।<br><br>• संकटासन्न व्यक्ति तथा समूदायहरुलाई प्रार्थमिकताकासाथ पोषणसम्बन्धी चेतना दिने, पोषण अभाववाट हुनसक्ने खतरा र स्वास्थ्य जोखिम वारे जानकारी उपलब्ध गराउने।<br><br>• विपद् प्रभावितहरूलाई भावनात्मक समर्थन र मनो-सामाजिक परामर्श सेवा उपलब्ध गराउने क्रममा संकटासन्न व्यक्ति तथा समूदायहरुलाई प्रार्थमिकतामा राख्ने ।<br><br>• पालिकाको सामाजिक विकास समिति संयोजकको नेतृत्वमा, स्वास्थ्यसम्बन्धी पूर्वसूचना, उपचार, महामारी नियन्त्रण, पोषण र मानसिक स्वास्थ्यका कार्यक्रमहरूको समन्वय गर्दा संकटासन्न व्यक्ति तथा समूदायहरु आवस्यकता संवोधन गर्न सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने । |

| | | |
|---|---|---|
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र | • विपद्को समयमा प्रभावित क्षेत्रमा तुरुन्त पिउने स्वच्छ पानीको व्यवस्था स्थानीय सरकारको WASH अनुभागद्वारा योजना, सञ्चालन र नियमित परीक्षणको कार्यान्वयन गर्ने जिम्मेवारी निर्बाह गर्ने साथै प्रक्रियामा संकटासन्न व्यक्ति तथा समूदायहरुलाई प्रार्थमिकतामा राख्ने ।<br>• हाईजिन किटं, क्लोरिन, स्नान– शौचालय सामग्री, किशोरी किट आदि वितरण गरी व्यक्तिगत सरसफाइ सुनिश्चित गर्ने क्रममा बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने।<br>• पालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक को नेतृत्वमा सम्वन्धित सबै सरोकारवालासँग समन्वय गरी नीति र कार्यक्रम कार्यान्वयन गर्ने कार्य व्यवस्थापन गर्दा संकटासन्न व्यक्ति तथा समूदायहरु आवस्यकता संवोधन गर्न सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने। |
| ६ | आपत्कालिन आश्रय तथा गैर-खाद्य सामग्री + | • विपद्को कारण घरमा क्षति पुगेका परिवारलाई आपत्कालीन आश्रयको रूपमा अस्थायी संरचना निर्माण गरी बसोबासको व्यवस्था गर्ने क्रममा संकटासन्न व्यक्ति तथा समूदायहरु आवस्यकता संवोधन गर्न सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने।<br>• पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता आवश्यक गैर–खाद्य सामग्री वितरण गर्ने क्रममा बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदिको व्यक्तिहरुको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने |
| ७ | संरक्षण तथा सूरक्षा क्षेत्र | • महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका र वृद्धवृद्धाहरूलाई सुरक्षित राख्ने र उनीहरूको विशेष आवश्यकताहरूलाई ध्यानमा राखेर सेवा प्रदान गर्ने।<br>• सेनेटरी प्याड, खेलकुदका सामान, लत्ताकपडा, डिग्निटी किट, किशोरी किट, स्नान गृह र शौचालय सामग्री जस्ता आवश्यक सामग्रीहरू वितरण गर्ने।<br>• विपद्को कारण घरपरिवारका सदस्य गुमाएकाहरू र त्रसित संकटासन्न |

CamScanner

| | | |
|---|---|---|
| | | व्यक्ति तथा समूदायहरुलाई प्रार्थमिकताकासाथ मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने।<br>• हिंसा र दुर्व्यवहारबाट प्रभावित संकटासन्न व्यक्ति तथा समूदायहरुलाई प्रार्थमिकताकासाथ सुरक्षित स्थानहरूमा आश्रय दिने, उंनीहरूको गोपनीयता र सम्मानको सुनिश्चितता गर्ने।<br>• राष्ट्रिय महिला आयोग, बाल कल्याण परिषद, नेपाल प्रहरीसँग समन्वय गरी आवश्यक सूचना आदानप्रदान गर्ने र विपद्को समयमा हिंसा र दुर्व्यवहारको सचेतना फैलाउने।<br>• बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी , गर्भवती, आदि संकटासन्न व्यक्तिहरु या समुदायहरुलाई सबै सबैखालका दूर्व्यवहार र विभेदबाट जोगाउने खालका कार्य गर्नै गराउने । |
| ८ | आपतकालीन शिक्षा क्षेत्र | • विद्यालय तीन दिनभन्दा बढी वन्द भएमा विद्यार्थीहरूको सिकाइ निरन्तरता सुनिश्चित गर्न अस्थायी सिकाइ केन्द्रहरू स्थापना गर्ने क्रममा अपांगता भएका बालबालिकाहरुलाई मध्यनजर गरेर कार्य गर्ने ।<br>• प्रकोपले विद्यार्थीको पठनपाठनका सामग्री हराए वा क्षति पुऱ्याएमा आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्दा अपांगता भएका बालबालिकाहरुलाई प्रार्थमिकतामा राखेर उनीहरुको आवस्यकता संवोधन गर्ने।<br>• विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा ती सामग्रीहरूको पुनःस्थापना गर्दा अपांगता भएका बालबालिकाहरुलाई प्रार्थमिकतामा राखेर उनीहरुको आवस्यकता संवोधन गर्ने।<br>• अपांगताको किसिम हेरि आवस्यक सीकाइका सामग्रीहरु र अपांगता मैत्री सीकाई वातावरणको सुनिश्तिता गर्ने। उपरोक्त सबै कार्यकालागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने। |
| ९ | शीघ्र पुनर्लाभ क्षेत्र | • विपद्को कारण अवरुद्ध भएका सडक, विद्युत् आपूर्ति, खानेपानी र सञ्चार सेवाहरूलाई शीघ्र पुनःसञ्चालन गर्ने। यसका लागि स्थानीय पूर्वाधार विकास विभाग र सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक स्रोत र जनशक्ति परिचालन गर्ने। |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | • सेवाप्रदायक कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्थापनको व्यवस्था गर्ने, जस्तै अस्थायी कार्यालय स्थापना, मोबाइल सेवा इकाइहरूको परिचालन, र अनलाइन प्लेटफर्महरूको गर्दा संकटासन्न व्यक्तिहरु र समुदायको आवस्यकतालाई प्रार्यमिकताकासाथ संबोधन गर्ने ।<br>• विपद्को कारण नष्ट भएका पुल, सडक, स्वास्थ्य चौकी, विद्यालय र बजार संरचनाहरूको पुनर्निर्माण गर्दा संकटासन्न व्यक्तिहरु र समुदाय मैत्री संरचनाहरु निर्माण गर्ने । जसबाट प्रभावित समुदायको दैनिक जीवन र व्यवसाय पुनःसञ्चालित होस्। |
| १० | विकास साझेदारहरू | • विपद् संवेदनशील सामाजिक सुरक्षा सम्वन्धी नीति, SOP, रणनीति र कार्ययोजनाहरु तर्जुमा गर्न प्राविधिक सहायता प्रदान गर्ने ।<br>• आकस्मिक कोष, अनुदान वा बजेट मार्फत सहयोग गर्ने ।<br>• सरकारी निकाय, स्थानीय तह र समुदायमा अभिमुखिकरण, तालिम तथा कृतिम घटना अभ्यास (Simulation Exercises) गर्ने ।<br>• जोखिम मूल्याङ्कन, प्रभावित जनसंख्या पहिचान, MIS प्रणाली सुदृढीकरणमा प्राविधिक सहयोग गर्ने ।<br>• वैकल्पिक भुक्तानी प्रणालीहरू जस्ता नवीन प्रविधिहरूको परीक्षण साथै, डिजिटल प्रणालीको सुरक्षा, पहुँच र प्रयोगकर्ता मैत्रीपन सुनिश्चित गर्न आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>• कार्यान्वयनको निगरानी, मूल्याङ्कन, सिकाइ आदान प्रदान र रिपोर्टिङमा सहयोग गर्ने ।<br>• महिला, बालबालिका, अपाङ्गता भएका, दलित लैङ्गिक तथा यौनिक अल्पसंख्यकसमूहहरू आदि संवेदनशील समूहमा लक्षित कार्यक्रमहरू गर्ने ।<br>• संघ, प्रदेश र स्थानीय तहबीच संयोजन र नीति, कार्यक्रम र प्रणालीगत समन्वयको सहजीकरण गर्ने । |

[illegible] बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ११ | वार्ड स्तरिय विपद व्यवस्थापन समिति, | • विपद् संवेदनशील सामाजिक सुरक्षाका पाटाहरु समेटेर स्थानिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रक्रियामा वडा स्तरको प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>• विपद्को पूर्व र पश्चात जोखिममा रहेका समुहहरु – एकल महिला, विधवा महिला, बालबालिका, अपाङ्गता भएका व्यति, जेष्ठ नागरिकहरू, लाई प्राथमिकतामा राखी कार्य गर्ने, गराउने ।<br>• विपद्को समयमा जोखिममा रहेका समुह विशेषगरि महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यति उपर हुनसक्ने घटना लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण रोकथामको लागि विशेष सतर्कता अपनाउन सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।<br>• विपद् पूर्वतयारी, पूर्वकार्य र प्रतिकार्यका सम्पूर्ण गतिविधीहरुमा संकटासन्न ब्यक्तिहरु र समूदायको विशिष्टिकृत आवस्यकता संवोधन हुनेगरि कार्य गर्ने गराउने साथै विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्यांक र संयन्त्र प्रयोग गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत

## विपद् संवेदनशील सामाजिक सुरक्षा कार्ययोजना

| प्रकोप | मुख्य प्रतिकार्यका क्रियाकलापहरु | सामाजिक सुरक्षा कार्यक्रमको परिचालन | जिम्मेवार |
|---|---|---|---|
| पहिरो | पहिरो जोखिम न्यूनिकरणसँग सम्बन्धित पूर्वकार्य एवं प्रतिकार्यकालागी सूचना सम्प्रेषण | पहिरो जोखिम एवं प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र सम्पर्क नम्बर | सामाजिक सुरक्षा सम्पर्क व्यक्तिको सहयोगमा विपद सम्पर्क व्यक्ति वा सूचना अधिकारी |
| | झटपट झोला , राहत सामग्री आकस्मिक प्रार्थमिक उपचार सामग्री व्यवस्थापन तथा भण्डारण | पहिरो जोखिम एवं प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र उमेर | स्थानीय विपद् व्यवस्थापन समिति विप्रद व्यवस्थापन शाखा र स्वास्थ्य शाखा प्रमुख |
| | प्रारम्भिक द्रुत लेखाजोखा एवं क्षति विवरण संकलन | पहिरो जोखिम एवं प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र उमेर | स्थानीय विंपद व्यवस्थापन समिति , वार्ड स्तरिय विपद व्यवस्थापन समिति, समुदाय विपद व्यवस्थापन समिति/ नेपाल प्रहरी , रेडक्रस सोसाइइटी र वडाको प्रतिनिधी |
| | पहिरोसँग सम्वन्धित खोज तथा उद्दार र राहत वितरण | पहिरो जोखिम एवं प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र उमेर बैंक खाता | स्थानीय विपद् व्यवस्थापन समिति तथा वडा कार्यालय |
| बाढी | बाढी जोखिम न्यूनिकरणसँग सम्वन्धित पूर्वकार्य एवं प्रतिकार्यकालागी | बाढी जोखिम एवं प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र सम्पर्क नम्बर | सामाजिक सुरक्षा सम्पर्क व्यक्तिको सहयोगमा विपद सम्पर्क व्यक्ति वा सूचना अधिकारी |

| | | | |
|---|---|---|---|
| | सूचना सम्प्रेषण | | |
| | बाढी प्रभावित व्यक्तिहरुको खोज तथा उद्दार र राहत वितरण | बाढी जोखिम एवं प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही नामथर, ठेगाना, सम्पर्क नम्बर बैंक खाता | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>पंजीकरण शाखा |
| | बाढी प्रभावित व्यक्तिहरुलाई स्वास्थ्य सेवा प्रवाह | बाढी प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही नामथर, ठेगाना, सम्पर्क नम्बर | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>स्वास्थ्य शाखा |
| | बाढी प्रभावित व्यक्तिहरुलाई अस्थायी आवास निर्माण, खानेपानी तथा सौचालयको व्यवस्था | बाढी प्रभावित क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही नामथर, ठेगाना | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>भौतिक पूर्वाधार शाखा |
| चटयाङ्ग र असिना | चटयाङ्ग र असिनाको जोखिम न्यूनिकरणसँग सम्बन्धित सूचना सम्प्रेषण | जोखिम क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र सम्पर्क नम्बर | सामाजिक सुरक्षा सम्पर्क व्यक्तिको सहयोगमा विपद सम्पर्क व्यक्ति वा सूचना अधिकारी |
| | चटयाङ्ग र असिनाको जोखिम न्यूनिकरणसँग सम्बन्धित पूर्वतयारी | जोखिम क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा |
| | चटयाङ्ग र असिनासँग सम्बन्धित राहत वितरण | जोखिम क्षेत्रमा रहेका सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार बैंक खाता | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>वडा कार्यालय |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| भुकम्प | भुकम्पको जोखिम न्यूनिकरणसँग सम्बन्धित संचेतनामुलक सूचना सम्प्रेषण | सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार र सम्पर्क नम्बर | सामाजिक सुरक्षा सम्पर्क व्यक्तिको सहयोगमा विपद सम्पर्क व्यक्ति वा सूचना अधिकारी |
| | भुकम्पको जोखिम न्यूनिकरणसँग सम्बन्धित संचेतनामुलक कार्यक्रमहरु संचालन | सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार नामथर, ठेगाना, सम्पर्क नम्बर | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>वडा कार्यालय |
| | खोज तथा उद्दार र राहत वितरण | सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार नामथर, ठेगाना, सम्पर्क नम्बर बैंक खाता | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>वडा कार्यालय |
| | विस्तृत क्षति विवरण संकलन | सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार नामथर, ठेगाना | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>वडा कार्यालय |
| | पुनस्थापना तथा पुननिर्माण | सामाजिक सुरक्षा कार्यक्रम लाभग्राही प्रकार नामथर, ठेगाना, सम्पर्क नम्बर | स्थानीय विपद् व्यवस्थापन समिति विपद व्यवस्थापन शाखा<br>वडा कार्यालय |

४ कार्य प्रक्रिया

यो कार्यसंचालन विधि कार्यान्वयन गर्दा कर्णाली प्रदेशको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद संवेदनशील सामाजिक सुरक्षा तथा राहत मापदण्ड २०८१ ले निर्दिष्ट गरे बमोजिम हुनेछ। सो क्रममा जोखिम मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन , जोखिम मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन, पूर्वतयारी र पूर्वचेतावनी, पूर्वतयारी र पूर्वचेतावनी, राहत र प्रतिकार्य, सामाजिक सुरक्षा भत्ता र गुनासो व्यवस्थापन, समन्वय र निगरानी, अभिमुखीकरण र क्षमता

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अभिवृद्धि, सुरक्षा र व्यवहार, दस्तावेजीकरण र प्रतिवेदन जस्ता कार्यगत प्रक्रिया अवलम्वन गर्दा निम्न बमोजिमका कार्य गरिनेछ ।

४.१ जोखिम मूल्याङ्कन र तथ्याङ्क व्यवस्था

- लक्षित समूहहरूको विवरण अद्यावधिक गर्न स्थानीय तहहरूले नियमित तथ्याङ्क संकलन गर्ने।
- सामाजिक सुरक्षा प्रणालीमा दर्ता भएका व्यक्तिहरूको विवरण नियमित रुपमा अध्यावधिक गर्ने।
- विपद् पूर्वसूचना प्राप्त भएसँगै जोखिममा रहेका व्यक्तिहरूलाई प्राथमिकता दिँदै सूचना प्रदान गर्ने।

४.२ पूर्वतयारी र पूर्वचेतावनी

- जोखिम समूहलाई पूर्वतयारी सम्वन्धि तालिम र अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- जल तथा मौसम विज्ञान विभागवाट प्राप्त पूर्वसूचना यस स्थानीय तहका १३ वटै वडामा रहेका जोखिमपूर्ण वस्ती तथा समूहलाई छरितो र उपयुक्त भाषा र माध्य मार्फत सम्प्रेषण गर्ने ।
- स्थानीय तहले जोखिममा रहेका वस्ती तथा समूहलाई सूचना दिने।

४.३ राहत र प्रतिकार्य

- सुरक्षित राहत वितरण स्थल को सुनिश्चिततागरी महिला र पुरुष र संकटासन्नताको हिसाबले प्राथमिकता दिनु पर्ने व्यक्तिहरुका लागि छुट्टाछुट्टै पंक्ति सुनिश्चित गर्ने ।
- स्थानीय भाषामा उपयुक्त माध्यम सूचना दिने र समुदायलाई पूर्ण जानकारी उपलब्ध गराउने।
- चोरी, बलात्कार, यौन दुर्व्यवहार, हिंसा रोकथामका लागि सुरक्षा व्यवस्थाहरू लागू गर्ने।
- राहत वितरण समयमा आत्मसम्मानको प्रत्याभूती दिने।
- विशिष्टीकृत आवश्यकता भएका व्यक्तिहरुको आवश्यकता सम्बोधन हुने खाद्य तथा गैह्र खाध्य सामग्रीहरु उपलब्ध गराउने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई विशेष हेरचाह गर्ने ।
- अस्थायी रूपमा छट्टाछुट्टै शौचालय सुविधा सुनिश्चित गर्ने।

बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

४.५ गुनासो व्यवस्थापन

- गुनासो व्यवस्थापनका लागि सहज पहुँच र प्रक्रिया बनाउने।

५. समन्वय र निगरानी

- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि पालिका स्तरीय निगरानी र मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- पालिका स्तरीय समन्वय समितिले SOP को कार्यान्वयन अनुगमन गर्ने।
- प्रत्येक वडामा सरोकारवालासँग समन्वय गरी आवश्यक सुधार गर्ने।

६. अभिमुखीकरण र क्षमता अभिवृद्धि

- विपद संवेदनशील सामाजिक सुरक्षा विषयमा क्षमता अभिवृद्धि गर्ने।
- सबै सरोकारवालालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणका विषयमा तालिम दिने।
- जोखिम मूल्याङ्कन, पूर्वसूचना, राहत वितरण, र स्वास्थ्य सेवा सम्बन्धी तालिम सञ्चालन गर्ने।

७. दस्तावेजीकरण र प्रतिवेदन

- सबै कार्यहरूका विवरण सही तरिकाले अभिलेख राख्ने।
- त्रैमासिक र वार्षिक प्रतिवेदन प्रदेश सरकारलाई बुझाउने।

खड्क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

## विपद संबेदनशील सामाजिक सुरक्षा सम्बन्धि सुचना

पठाउनेरजारी गर्ने अवस्थास् जल तथा मौसम विज्ञान विभागबाट स्थानीय तहलाइ तोकी अथवा स्थानीय तह समावेश हुने गरी बाढी र भारी वर्षा र पहिरोसंग सम्बन्धित प्रभावमा आधारित पूर्वानुमान वा विशेष बुलेटिन जारी भएमा

एस एम एस मार्फत पठाउनेस्

सामाजिक सुरक्षा भत्ता लाभग्राहीको स्थान, प्रकार र फोन नं संग सम्बन्धित तथ्यांक प्रयोग गरी

क अपाङ्गता भएका व्यक्तिको लागिस् "तपाइको ठाउमा भारी वर्षा को सम्भावना रहेकोले बाढी र पहिरोको जोखिम बढ्न सक्छ तसर्थ तपाइको वा तपाइको घरमा रहनु भएका अपाङ्गता भएका व्यक्तिको अत्यावस्यक सहयोगी सामग्री र कागजात सहित सतर्क रहनुहोला

अपाङ्गता भएका व्यक्तिको तथ्यांक

| पहिरो जोखिम भएको टोल | नाम | सम्पर्क नम्बर | संरक्षक को नाम/माथवर | अपाङ्गता भएका व्यक्तिको वर्ग | अपाङ्गताको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

क. बालबालिकाको लागि तपाइको ठाउमा भारी वर्षा को सम्भावना"रहेकोले बाढी / पहिरोको जोखिम बढ्न सक्छ तसर्थ आफ्नो बाल बालिकाको अत्यावस्यक सामग्री र । कागजात सहित सतर्क रहनुहोला

बालबालिका भएका व्यक्तिको तथ्यांक

| पहिरो जोखिम भएको टोल | नाम | सम्पर्क नम्बर | अभिभावकको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

...क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ग. सामाजिक सुरक्षा भत्ताका अन्य लाभग्राहीको लागि :" तपाइको ठाउमा भारी वर्षा को सम्भावना रहेकोले बाढी पहिरोको जोखिम बढ्न सक्छ तसर्थ आफ्नो अत्यावस्यक / । सामग्री र कागजात सहित सतर्क रहनुहोला

सामाजिक सुरक्षा भत्ताका अन्य लाभग्राहीको तथ्यांक

| पहिरो जोखिम भएको टोल | नाम | सम्पर्क नम्बर | लाभग्राही को प्रकार | इच्छाइएको व्यक्तिको नाम/माथवर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

फोन मार्फत पठाउनेः

सामाजिक सुरक्षा भत्ता अन्तर्गत पूर्ण अपाङ्गता भएका क वर्गका लाभग्राहीको स्थान र फोन नं प्रयोग गरी :

पहिरोको जोखिम बढ्न सक्छ / तपाइको ठाउमा भारी वर्षा को सम्भावना रहेकोले बाढी " वा तपाइको घरमा रहनु भएका अपाङ्गता भएका व्यक्तिको अत्यावस्यक सहयोगी तसर्थ तपाइको यदि स्थानान्तरण गर्नु पर्ने भएमा तपाइको घरमा । सामग्री र कागजात सहित सतर्क रहनुहोला रहेका अपाङ्गता भएका व्यक्तिलाइ सुरक्षित ठाउँमा स्थानान्तरण गर्न तयारी अवस्थामा रहनु होला ।

पूर्ण अपाङ्गता भएका क बर्गका लाभग्राहीको तथ्यांक

| पहिरो जोखिम भएको टोल | नाम | सम्पर्क नम्बर | संरक्षक को नाम/माथवर | कैफियत |
|---|---|---|---|---|
| | | | | |

रेडियो मार्फत जारी गर्नेः

क. जल तथा मौसम विज्ञान विभागवाट मा भारी वर्षाको पूर्वानुमान जारी गरेको ............ तपाइको वा तपाइको घरमा । पहिरोको जोखिम बढ्न सक्छ / हुनाले विभिन्न स्थानमा बाढी बाल ,अपाङ्गता भएका व्यक्ति , रहनु भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठनागरिक बालिका जातध्यान दिई अत्यावस्यक सामग्री रा गर्भवतीहरुको विशेष आवश्यकतालाइ ,सुत्केरी , । हित सतर्क रहनुहोलासुरक्षित गरी आवश्यक पूर्वतयारी स

खड्क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

ख. जल तथा मौसम विज्ञान विभागबाट मा भारी बर्षाको पूर्वानुमान जारी गरेको ............ यस्तो अवस्थामा विपद् संग । पहिरोको जोखिम बढ्न सक्छ / हुनाले विभिन्न स्थानमा बाढी री गरेको विपद् खोज तथा उद्दार र राहत वितरणमा नेपाल सरकारले जा ,सम्बन्धित पूर्वतयारी संबेदनशील सामाजिक सुरक्षा तथा राहत मापदण्ड २०८१ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने र अन्य सकटासन्न व्यक्तिहरु जस्तै गर्भवतीवर्ग लाइ उच्च आर्थिक रुपले विपन्न सुत्केरी , । प्राथमिकतामा राखौ

*नोटः-* अनुसूची १ अन्तर्गतको सामाजिक सुरक्षाका लाभग्राहीहरुको तथ्यांक सम्वन्धित पक्षको गोपनियता कायम गर्ने र हानी नगर्ने हेतुले यस दस्तावेजको अनुसूचीको रुपमा अनिवार्य रुपले तयारगरिने र सम्वधित विपद् व्यवस्थापन समितिको सम्पर्क व्यक्ति या तोकेका व्यक्तिहरुसंग छुट्टै दस्तावेजको रुपमा रहनेछ र आवस्यकताको आधारमा प्रयोग गरिनेछ। तर विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यसञ्चालन कार्यविधि,२०८२ मा छापिने या सामाजिक संजालमा राखेने छैन ।

षडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत